**लुङ्ग्री गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखाका शाखा प्रमुख बीचको कार्यसम्पादन करार सम्झौता तथा कार्यसम्पादन मूल्यांकनका आधार**

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५, निजामति सेवा ऐन, २०४९ तथा नियमावली २०५०, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल सरकारद्वारा समय समयमा जारी निर्देशन एवं परिपत्रमा उल्लेखित प्रावधानका अतिरिक्त देहाय बमोजिमको कार्य सम्पादन गर्ने गरी आ.व. २०८०/०८१ का लागि यो कार्य सम्पादन करार सम्झौता गरिएको छ । यो करार समझौतामा प्रमुख प्रशासकीय अधिकृत पहिलो पक्ष र आर्थिक प्रशासन शाखाका शाखा प्रमुखलाई दोश्रो पक्ष मानिएको छ। यसै कार्यसम्पादन करार संझौताको कार्यप्रगितलाई कार्यसम्पादन मूल्यांकनको आधार मानिनेछ।

**तपशिलः- सम्पादन गर्नु पर्ने कार्यहरु,मूल्यांकनका आधार र लक्ष्य**

| क.स. | मूल्यांकनको आधार | क्रियाकलाप | उपलब्धी सूचक | लक्ष्य | मूल्यांकन भार |
|---|---|---|---|---|---|
| १. | समग्र आधार(योजना तथा कार्यक्रम कार्यान्वयनसंग सम्वन्धित सूचक) | आ.व.२०८०/०८१ मा स्विकृत योजना तथा कार्यान्वयनको कार्ययोजना तालिका बमोजिमको वित्तीय प्रगती | कार्ययोजनाको क्रमस कार्यान्वयन भए/नभएको | १००% | २५% |
| २. | | आ.व.२०८०/८१ मा स्विकृत योजना तथा कार्यान्वयनको कार्ययोजना तालिका बमोजिमको भौतिक प्रगती | कार्ययोजनाको क्रमस कार्यान्वयन भए/नभएको। यसमा योजना तथा कार्यक्रम कार्यान्वयनका चरणवद्धरुपमा सम्पन्न हुने क्रियाकलापको गणना गरिनेछ। | १००% | २५% |
| ३. | | आ.व. २०८०/८१का लागि प्रदान भएको कार्यविवरण भित्र रहेर कार्यसम्पादन गर्ने | वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तालिका कार्यान्वयनका क्रममा कार्यविवरणको पालना भएको हुनु पर्ने | १००% | २०% |
| ४. | प्रक्रियागत आधार(आचरणगत तथा व्यवहारिक | **१.विषयवस्तुको ज्ञान तथा सीप**<br>क)कामसँग सम्वन्धित विषयको आधारभूत जानकारी भएको हुनु पर्ने<br>ख)कामसँग सम्वन्धित विषयमा भएका नविनतम विषयको जानकारी हुने<br>ग)विषयवस्तु सम्वन्धी सीप भएको<br>घ)सीप प्रयोगको क्षमता भएको | कार्यसम्पादनको गुणस्तर, कार्यसम्पादनको परिमाण, काममा सीघ्रता र निपूर्णता | १००% | ६% |

| | | | | | |
|---|---|---|---|---|---|
| | सूचक) | | | | |
| ५. | | **२. अनुशासन, आचरण, शिष्टाचार र आज्ञापालन**<br>क)कर्मचारीको लागि तोकिएको पोशाक लगाउनु पर्ने<br>ख)कर्मचारीले पालना गर्नुपर्ने आचरण पालना गरेको<br>ग)आफू भन्दा माथिल्लो तहका पदाधिकारीले दिएको आज्ञा पालन गर्ने<br>घ)अनधिकृतरुपमा सूचना दिन नहुने। गोपनियता कायम गर्ने | तत् तत् आचरण पालना गरेको हुनु पर्ने | १००% | ६% |
| ६. | | **३.समयपालना र नियमितता**<br>क)समयमा कार्यालय उपस्थित हुने<br>ख)बिना जानकारी कार्यालयमा उपस्थित हुने नगरेको<br>ग)नियमित रुपमा कार्यालयमा उपस्थित हुने<br>घ)कार्यालयको आवश्यकता अनुसार कार्यालय समयभन्दा अतिरिक्त समय पनि काम गर्ने गरेको । | विद्युतीय हाजिरी र हाजिरी रजिष्ट्रको विवरण | १००% | ६% |
| ७. | | **४.सरोकारवालासँगको व्यवहार**<br>क)आफू भन्दा माथिका कर्मचारीहरुसँग गर्ने व्यवहार उपयुक्त हुनु पर्ने<br>ख)आफूसरह र आफू मातहतको कर्मचारीसँग गर्ने व्यवहार मित्रवत गर्ने<br>ग)सेवाग्राहीसँग गर्ने व्यवहार मित्रवत | उजिरी तथा गुनासो सम्वन्धी विवरण,<br>सेवाग्राही सर्वेक्षण सम्वन्धी कार्डको प्रयोग | १००% | ६% |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रहेको<br>घ)मुस्कान सहितको व्यवहार गर्ने | | | |
| ८. | | **५.कामसँगको लगाव र नतिजा**<br>क)कार्यालयको गोपनियता भङ्ग गर्ने नगरेको<br>ख)कार्यालयको कामलाई मूल प्राथमिकतामा राख्ने गरेको<br>ग)दिईएको काम समयमै सम्पन्न गर्ने गरेको<br>घ)कार्यालयमा आफूसँग रहेका सामानको उचित ढंगले सुरक्षा र संरक्षण | तत् तत् कार्यहरु पूर्णरुपमा कार्यान्वयन भएको | १००% | ६% |

पहिलो पक्ष

............................

नामः- जीत बहादुर परियार

पदः-प्रमुख प्रशासकीय अधिकृत

मितिः-२०८०/०५/१८

दोस्रो पक्ष

............................

नामः निमराज सुवेदी

पदः- लेखापाल

शाखाः- आर्थिक प्रशासन शाखा

मितिः-२०८०/०५/१८